# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

| खण्डः ९ | संख्याः १० | २०८२ चैत्र २ |
|---|---|---|

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भागः२

### पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१
(तेश्रो संशोधन, २०८२।११।२७)

**प्रस्तावना :** दुल्लू नगरपालिकाको पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाको मिति २०८२।११।२७ गतेको वैठकबाट "पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (तेश्रो संशोधन, २०८२)" स्वीकृत गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (तेश्रो संशोधन, २०८२)" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **पूर्व निर्मित भवनहरुको भवन नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ को दफा १७ को खण्ड (ख) मा संशोधन :** पूर्व निर्मित भवनहरुको भवन नक्सा



प्रदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख
२०७३

अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ (यसपछि मूल कार्यविधि भनिएको) को दफा १७ को खण्ड (ख) मा रहेका "साथै, भवन संहिता २०७२ अनुसार अभिलेखिकरण अन्तिम मौकाको रुपमा मात्र गरिने कुरा उल्लेख भएकाले यो नै अन्तिम अभिलेख हुनेछ।" भन्ने शब्दहरु हटाई २०८० चैत्र मसान्त सम्म भन्ने शब्दको सट्टा "२०८२ माघ मसान्त सम्म भन्ने शब्दहरु राखिएको छ।"

आज्ञाले
पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः२०८२।१२।०२